# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार २४ गते २०५९ साल (अतिरिक्ताङ्क ३०


## भाग २

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संशोधन) ऐन, २०५९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २ मा संशोधन : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ज) मा रहेका "संस्था वा संस्थावाट मान्यता प्राप्त अन्य कुनै चार्टर्ड एकाउन्टेन्ट्स संस्थावाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी" भन्ने शब्दहरुको सट्टा "दफा १६ को उपदफा (२) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) "फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ.सी.ए.)" भन्नाले दफा १७ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको सदस्य सम्झनु पर्छ ।"

(३) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) "पेशागत प्रमाणपत्र" भन्नाले पेशागत रुपमा लेखा व्यवसाय गर्न दफा २८ बमोजिम प्रदान गरिएको प्रमाणपत्र सम्झनु पर्छ ।"

(४) खण्ड (ञ) पछि देहायका खण्ड (ञ१), (ञ२), (ञ३), (ञ४), (ञ५) र (ञ६) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(त्र१) "लेखापरीक्षण" भन्नाले पेशागत प्रमाणपत्र लिई प्रचलित कानून बमोजिम गरिने लेखापरीक्षण सम्झनु पर्छ ।

(त्र२) "विदेशी लेखा व्यवसायी संस्था" भन्नाले विदेशी मुलुकमा सार्वजनिक लेखा व्यवसायलाई नियमन गर्ने अधिकार प्राप्त भएको राष्ट्रिय स्तरको चार्टर्ड एकाउन्टेन्ट्स संस्था वा सो सरहको लेखा व्यवसायी संस्था सम्झनु पर्छ ।

(त्र३) "लेखामान बोर्ड (एकाउन्टीङ्ग स्टैण्डर्ड्स बोर्ड)" भन्नाले दफा १५क. बमोजिम गठन भएको लेखामान बोर्ड सम्झनु पर्छ ।

(त्र४) "लेखापरीक्षणमान बोर्ड (स्टैण्डर्ड्स अन अडिटिङ्ग बोर्ड)" भन्नाले दफा १५घ. बमोजिम गठन भएको लेखापरीक्षणमान बोर्ड सम्झनु पर्छ ।

(त्र५) "लेखामान (एकाउन्टीङ्ग स्टैण्डर्ड्स)" भन्नाले लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखामान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखामान र तत्सम्बन्धी निर्देशिका तथा व्याख्या सम्झनु पर्छ ।

(त्र६) "लेखापरीक्षणमान (स्टैण्डर्ड्स अन अडिटिङ्ग)" भन्नाले लेखा व्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखापरीक्षणमान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखापरीक्षणमान र तत्सम्बन्धी निर्देशिका तथा व्याख्या सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को,-

(१) खण्ड (ख) मा रहेका "र सदस्य" भन्ने शब्दहरु झिकिएका छन्।

(२) खण्ड (ग) मा रहेका "सदस्य तथा" भन्ने शब्दहरु झिकिएका छन्।

४. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (३) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुले आफूमध्येबाट निर्वाचित दशजना - सदस्य

(ख) दर्तावाला लेखापरीक्षक सदस्यहरुले आफूमध्येबाट निर्वाचित चारजना - सदस्य"

५. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,-

(१) दफा शीर्षकपछि रहेको "(१)" भन्ने अङ्क झिकिएको छ।

(२) खण्ड (ख) मा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) लेखा व्यवसाय गर्नको निमित्त सदस्यहरुलाई पेशागत प्रमाणपत्र दिने।"

(४) खण्ड (ञ) र (ट) को ठाउँ ठाउँमा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डद्वारा व्यवस्थित वा सिफारिस गरिएका लेखामान तथा लेखापरीक्षणमान पालना गर्ने, गराउने र सोको पालना भए नभएको नियमन गर्ने ।"

(६) खण्ड (भ) पछि देहायका खण्ड (भ१) र (भ२) थपिएका छन् :-

"(भ१) सदस्यको लागि अनवरत व्यावसायिक शिक्षाको व्यवस्था गर्ने ।

(भ२) लेखा प्राविधिज्ञ तयार गर्न शिक्षा प्रणालीको विकास र तत्सम्बन्धी आवश्यक कार्य गर्ने ।"

६. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को उपदफा (४) मा रहेका "यस दफा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) मा रहेका "वा लेखा व्यवसायी" भन्ने शब्दहरु झिकिएका छन् र सोही उपदफामा रहेका "कारबाही भएको छ" भन्ने शब्दहरुको सट्टा "कारबाही गरेको छ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) को ठाउँ ठाउँमा मा रहेका "वा लेखा व्यवसायी" भन्ने शब्दहरु झिकिएका छन् र सोही उपदफाको खण्ड (घ) मा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (७) मा रहेका "लेखा व्यवसायी वा" भन्ने शब्दहरु भिकिएका छन् ।

(४) उपदफा (८) मा रहेका "वा लेखा व्यवसायी" भन्ने शब्दहरु भिकिएका छन् ।

८. मूल ऐनमा परिच्छेद-३क. र ३ख. थप : मूल ऐनको परिच्छेद-३ पछि देहायका परिच्छेद-३क. र ३ख. थपिएका छन् :-

"परिच्छेद-३क.

लेखामान बोर्ड

१५क. लेखामान बोर्डको गठन : (१) लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि श्री ५ को सरकारले एक लेखामान बोर्डको गठन गर्नेछ ।

(२) लेखामान बोर्डमा देहायका सदस्यहरु रहनेछन् :-

(क) श्री ५ को सरकारले फेलो चार्टर्ड एकाउन्टेन्टहरुमध्येबाट मनोनीत गरेको एकजना - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, महालेखापरीक्षकको विभाग - सदस्य

(घ) प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालय - सदस्य



४३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय - सदस्य

(च) महानिर्देशक, कर विभाग - सदस्य

(छ) अध्यक्ष, धितोपत्र बोर्ड - सदस्य

(ज) श्री ५ को सरकारले परिषद्को सिफारिसमा चार्टर्ड एकाउन्टेन्टहरु- मध्येबाट मनोनीत गरेका पाँचजना - सदस्य

(झ) श्री ५ को सरकारले परिषद्को सिफारिसमा दर्तावाला लेखापरीक्षक सदस्यहरुमध्येबाट मनोनीत गरेको एकजना - सदस्य

(३) लेखामान बोर्डले आवश्यक देखेमा सम्बन्धित विज्ञलाई आफ्नो बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (क), (ज) र (झ) मा उल्लिखित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः नियुक्त वा मनोनयन हुन सक्नेछन् ।

(५) लेखामान बोर्डको बैठक सम्बन्धी कार्यविधि सो बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) लेखामान बोर्डको सचिवालय संस्थाको प्रधान कार्यालयमा रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५ख. लेखामान बोर्डको काम, कर्तव्य र अधिकार : लेखामान बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखामान (इन्टरनेशनल एकाउन्टीङ्ग स्टैण्डर्ड) समेतको आधार लिई लेखामानको व्यवस्था गर्ने,

(ख) लेखामानको विकास गर्न उपयुक्त विधि तयार गर्ने र लेखामान सम्बन्धी सामग्री प्रकाशन गर्ने,

(ग) लेखामानको संशोधन, सुधार र परिमार्जन गर्ने,

(घ) लेखामानको व्याख्या गर्ने,

(ङ) लेखामान सम्बन्धी अन्य कार्य गर्ने ।

१५ग. पदमा कायम नरहने अवस्था : देहायको कुनै अवस्थामा लेखामान बोर्डको सदस्य आफ्नो पदमा कायम रहने छैन :-

(क) राजीनामा दिएमा,

(ख) विना कुनै सूचना तीन पटकसम्म लेखामान बोर्डको बैठकमा लगातार अनुपस्थित रहेमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) मगज बिग्रेमा,

(ङ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(च) मृत्यु भएमा,

(छ) संस्थाको सदस्यको हकमा दफा २२ बमोजिम सदस्यता दर्ता किताबबाट नाम हटाइएमा ।

परिच्छेद-३ख.

लेखापरीक्षणमान बोर्ड

१५घ. लेखापरीक्षणमान बोर्डको गठन : (१) लेखा व्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि श्री ५ को सरकारले एक लेखापरीक्षणमान बोर्डको गठन गर्नेछ ।

(२) लेखापरीक्षणमान बोर्डमा देहायका सदस्यहरु रहनेछन् :-

(क) श्री ५ को सरकारले फेलो चार्टर्ड एकाउन्टेन्टहरुमध्येबाट मनोनीत गरेको एकजना - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, महालेखा-परीक्षकको विभाग - सदस्य

(घ) श्री ५ को सरकारले परिषद्को सिफारिसमा चार्टर्ड एकाउन्टेन्टहरु-मध्येबाट मनोनीत गरेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री ५ को सरकारले परिपद्को सिफारिसमा दर्तावाला लेखापरीक्षक सदस्यहरुमध्येबाट मनोनीत गरेका एकजना - सदस्य

(३) लेखापरीक्षणमान बोर्डले आवश्यक देखेमा सम्बन्धित विज्ञलाई आफ्नो बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (क), (घ) र (ङ) मा उल्लिखित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः नियुक्त वा मनोनयन हुन सक्नेछन् ।

(५) लेखापरीक्षणमान बोर्डको बैठक सम्बन्धी कार्यविधि सो बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) लेखापरीक्षणमान बोर्डको सचिवालय संस्थाको प्रधान कार्यालयमा रहनेछ ।

१५ङ. लेखापरीक्षणमान बोर्डको काम, कर्तव्य र अधिकार : लेखापरीक्षणमान बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षणमान (इन्टरनेशनल स्टैण्डर्ड अन अडिटिङ्ग) समेतको आधार लिई लेखापरीक्षणमानको व्यवस्था गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) लेखामानपरीक्षणको विकास गर्न उपयुक्त विधि तयार गर्ने र लेखापरीक्षणमान सम्बन्धी सामग्री प्रकाशन गर्ने,

(ग) लेखापरीक्षणमानको संशोधन, सुधार र परिमार्जन गर्ने,

(घ) लेखापरीक्षणमानको व्याख्या गर्ने,

(ङ) लेखापरीक्षणमान सम्बन्धी अन्य कार्य गर्ने ।

१५च. पदमा कायम नरहने अवस्था : देहायको कुनै अवस्थामा लेखापरीक्षणमान बोर्डको सदस्य आफ्नो पदमा कायम रहने छैन :-

(क) राजीनामा दिएमा,

(ख) विना कुनै सूचना तीन पटकसम्म लेखापरीक्षणमान बोर्डको बैठकमा लगातार अनुपस्थित रहेमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको भएमा,

(घ) मगज बिग्रेमा,

(ङ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(च) मृत्यु भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) संस्थाको सदस्यको हकमा दफा २२ बमोजिम सदस्यता दर्ता किताबबाट नाम हटाइएमा ।"

९. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"१६. संस्थाको सदस्यता : (१) संस्थाको सदस्यतालाई देहाय बमोजिमको श्रेणीमा विभाजन गरिनेछ :-

(क) चार्टर्ड एकाउन्टेन्ट, र

(ख) दर्तावाला लेखापरीक्षक ।

(२) देहायको योग्यता पुगेको व्यक्तिलाई दफा १८ को अधीनमा रही चार्टर्ड एकाउन्टेन्टको सदस्यता दिनु पर्नेछ :-

(क) यो उपदफा प्रारम्भ हुँदाका बखत लेखापरीक्षक सम्बधी ऐन, २०३१ बमोजिम "क" वर्गको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको आधारमा "ख" वर्गको दर्तावाला लेखापरीक्षकको प्रमाणपत्र पाएको ।

(ख) संस्था वा संस्थाबाट मान्यता प्राप्त विदेशी लेखा व्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण भई लेखा व्यवसायसंग सम्बन्धित व्यावसायिक तालीम प्राप्त गरेको ।

(३) यो उपदफा प्रारम्भ हुँदाका बखत लेखापरीक्षक सम्बधी ऐन, २०३१ बमोजिम "ख", "ग" वा "घ" वर्गको लेखापरीक्षकको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई दफा १६ को अधीनमा रही दर्तावाला लेखापरीक्षकको सदस्यता दिन पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ.सी.ए.) : देहायका सदस्यहरुलाई तोकिए बमोजिम फेलो चार्टर्ड एकाउन्टेन्टको सदस्यता दिन सकिनेछ :-

(क) यो दफा प्रारम्भ हुँदाका बखत लेखापरीक्षक सम्बधी ऐन, २०३१ बमोजिम "क" वर्गको दर्तावाला लेखापरीक्षक प्रमाणपत्र प्राप्त गरेको व्यक्ति,

(ख) कम्तीमा पाँच वर्ष लेखा व्यवसायमा संलग्न रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्य ।"

११. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को खण्ड (ग) झिकिएको छ ।

१२. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) दफा १६ को उपदफा (२) बमोजिम सदस्यता प्राप्त गर्न योग्यता पुगेका व्यक्तिले आफ्नो नाम संस्थाको सदस्यतामा दर्ता गराउन चाहेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको दफा २९ र ४९ प्रारम्भ गरेको मितिले छ महिनाभित्र संस्थामा दरखास्त दिनु पर्नेछ । सो अवधिभित्र सदस्यताको लागि दरखास्त नदिने व्यक्तिले यो ऐन बमोजिम सदस्यता पाउने छैन ।"

१३. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को उपदफा (१) र (४) मा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुपछि "वा लेखा प्राविधिज्ञ" भन्ने शब्दहरु थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कुनै विदेशी लेखा व्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र तालीम प्राप्त गरेको व्यक्तिले त्यस्तो परीक्षा र तालीमको मान्यताको लागि संस्थामा तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ र यसरी मान्यताको लागि दरखास्त परेमा परिषद्ले त्यस्तो परीक्षा र तालीमलाई मान्यता दिने नदिने सम्बन्धमा निर्णय गर्नेछ ।"

(२) उपदफा (२) मा रहेको "वा" भन्ने शब्दको सट्टा "र" भन्ने शब्द राखिएको छ ।

१५. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छ :-

"२७. विदेशी लेखा व्यवसायी संस्थालाई मान्यता : (१) परिषद्ले श्री ५ सरकारको पूर्व स्वीकृति लि विदेशी लेखा व्यवसायी संस्थाहरु र त्यस्ता संस्थाहरुले लिएको परीक्षा र प्रदान गरेको तालीमलाई मान्यता दिन सक्नेछ ।

(२) परिषद्ले उपदफा (१) बमोजिम मान्यता दिएका संस्थाहरुको सूची बनाई राख्नु पर्नेछ र त्यस्तो सूचीमा पर्ने संस्थाले लिएको परीक्षा र प्रदान गरेको तालीमको मान्यताका सम्बन्धमा दफा २६ बमोजिमको प्रक्रिया पूरा गर्न आवश्यक पर्ने छैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल ऐनको परिच्छेद-७ को शीर्षकमा संशोधन : मूल ऐनको परिच्छेद-७ को परिच्छेद शीर्षकमा रहेका "लेखा व्यवसायी प्रमाणपत्र" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र" भन्ने शब्दहरु राखिएका छन् ।

१७. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छ :-

"२८. पेशागत प्रमाणपत्र : (१) लेखापरीक्षण सेवा प्रदान गर्न चाहने सदस्यले पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि तोकिए बमोजिमको ढाँचामा संस्थामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने सदस्यले तोकिए बमोजिमका शर्तहरु पूरा गरेपछि परिषद्ले त्यस्ता सदस्यलाई तोकिए बमोजिमको ढाँचामा पेशागत प्रमाणपत्र दिनेछ ।

(३) पेशागत प्रमाणपत्र पाएका सदस्यको लागि परिषद्ले शर्तहरु निर्धारण गरी त्यस्ता शर्तहरु पालन गर्न लगाउन र त्यस्ता सदस्यहरुका लागि आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।"

१८. मूल ऐनमा दफा २८क. थप : मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छ :-

"२८क. लेखा व्यवसायी संस्था दर्ता गर्नु पर्ने : (१) लेखा व्यवसायी संस्थाको नामबाट लेखापरीक्षण सेवा संचालन गर्न चाहने पेशागत प्रमाणपत्र प्राप्त सदस्यले त्यस्तो संस्था दर्ता गर्न तोकिए बमोजिमको ढाँचामा संस्थामा दरखास्त दिनु पर्नेछ ।

(२) लेखा व्यवसायी संस्था दर्ता सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यविधि पूरा भएपछि परिषद्ले तोकिए बमोजिमको ढाँचामा लेखा व्यवसायी संस्था दर्ताको प्रमाणपत्र दिनेछ ।"

१९. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :-

"२९. लेखापरीक्षण सेवा प्रदान गर्न नपाउने : पेशागत प्रमाणपत्र प्राप्त नगरी कुनै व्यक्तिले लेखापरीक्षण सेवा प्रदान गर्न पाउने छैन ।

तर कम्पनी ऐन अन्तर्गत स्थापना भएका कम्पनी वा व्यावसायिक संस्थाको लेखापरीक्षण बाहेक अन्य लेखापरीक्षणको सम्बन्धमा श्री ५ को सरकारले छुट्टै व्यवस्था गरी नियमन गर्न गराउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।"

२०. मूल ऐनको दफा ३० मा संशोधन : मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छ :-

"३०. दर्तावाला लेखापरीक्षक सम्बन्धी विशेष व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेका दर्तावाला लेखापरीक्षकहरुलाई परिषद्ले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरुका अधीनमा रही यस ऐन बमोजिम लेखापरीक्षण सेवा प्रदान गर्न तोकिए बमोजिम वर्गीकरण गरी पेशागत प्रमाणपत्र दिनेछ ।

तर त्यस्ता दर्तावाला लेखापरीक्षकहरुलाई निजहरुले लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ बमोजिम पाई आएका सुविधाबाट वञ्चित गरिने छैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मूल ऐनमा दफा ३०क. र ३०ख. थप : मूल ऐनको दफा ३० पछि देहायका दफा ३०क. र ३०ख. थपिएका छन् :-

"३०क. लेखापरीक्षण गर्न पाउने हद : दफा ३० बमोजिम वर्गीकरण भएका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले लेखापरीक्षण गर्न पाउने हद श्री ५ को सरकारको स्वीकृति लिई परिपद्ले तोकिदिए बमोजिम हुनेछ ।

३०ख. पेशागत प्रमाणपत्रको वर्ग वृद्धि हुन सक्ने : दफा ३० बमोजिम दर्तावाला लेखापरीक्षकले प्राप्त गरेको पेशागत प्रमाणपत्र परिषद्ले तोकिए बमोजिमको कार्यविधि अपनाई वर्ग वृद्धि गर्न सक्नेछ ।"

२२. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ मा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

२३. मूल ऐनको दफा ३२ मा संशोधन : मूल ऐनको दफा ३२ को ठाउँ ठाउँमा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

२४. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छ :-

"३३. शुल्क बुझाउनु पर्ने : सदस्य, पेशागत प्रमाणपत्र प्राप्त सदस्य र दफा २८क. बमोजिम दर्ता भएका लेखा व्यवसायी संस्थाले तोकिए बमोजिमको शुल्क संस्थालाई बुझाउनु पर्नेछ ।"

२५. मूल ऐनको दफा ३४ मा संशोधन : मूल ऐनको दफा ३४ को ठाउँ ठाउँमा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को ठाउँ ठाउँमा रहेका "सदस्य वा लेखा व्यवसायी" र "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन ।

२७. मूल ऐनको दफा ३९ मा संशोधन : मूल ऐनको दफा ३९ को उपदफा (१) को खण्ड (क) मा रहेका "परिषद्को प्रशासकीय अधिकृतको" भन्ने शब्दहरुको सट्टा "संस्थाको प्रमुखको" भन्ने शब्दहरु र सोही उपदफाको खण्ड (ङ) मा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

२८. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को,-

(१) उपदफा (१) मा रहेका "लेखा व्यवसायीको प्रमाणपत्र" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "लेखा व्यवसाय" भन्ने शब्दहरुको सट्टा "लेखापरीक्षण" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "लेखा व्यवसायी प्रमाणपत्र" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

२९. मूल ऐनको दफा ४९ मा संशोधन : मूल ऐनको दफा ४९ को उपदफा (२) मा रहेका "लेखा व्यवसायी" भन्ने शब्दहरुको सट्टा "पेशागत प्रमाणपत्र प्राप्त सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएका छन् :-

(१) "सचिव" को सट्टा "कार्यकारी निर्देशक" ।

(२) "वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट" को सट्टा "फेलो चार्टर्ड एकाउन्टेन्ट" ।

(३) "लेखा व्यवसाय प्रमाणपत्र", "लेखा व्यवसायी प्रमाणपत्र" र "लेखा व्यवसायीको प्रमाणपत्र" को सट्टा "पेशागत प्रमाणपत्र" ।

लालमोहर सदर मिति:- २०५९।३।२४।२

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## ऋणपत्र निष्काशन गरी राष्ट्र ऋण उठाउने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : देशको आर्थिक विकासको लागि सरकारी वित्तको समुचित व्यवस्थापनमा सघाउ पुर्‍याउन तथा वित्तीय र मौद्रिक नीतिबीच सामञ्जस्यता कायम गर्दै आन्तरिक बचत परिचालनलाई प्रोत्साहन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न ऋणपत्र निष्काशन गरी राष्ट्र ऋण उठाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्र ऋण ऐन, २०५९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ।

(ख) "राष्ट्र ऋण" भन्नाले दफा ३ बमोजिम श्री ५ को सरकारले उठाएको ऋण सम्झनु पर्छ।

(ग) "ऋणपत्र" भन्नाले दफा ३ बमोजिम निष्काशन भएका देहायका ऋणपत्र सम्झनु पर्छ र सो शब्दले ब्याज भुक्तानी पूर्जालाई समेत जनाउँछ :-

(१) स्टक,

(२) प्रमिशरी नोट,

(३) बियरर बण्ड,

(४) प्राईज बण्ड, र

(५) बैङ्कले श्री ५ को सरकारको स्वीकृति लिई ऋणपत्र भनी तोकिदिएको अन्य कुनै ऋणपत्र।

(घ) "स्टक" भन्नाले बैङ्कको खातामा दर्ता रहने र दर्ता गराई नामसारी गर्नु पर्ने ऋणपत्र सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "प्रमिशरी नोट" भन्नाले दरपीठ गरी नामसारी गर्न सकिने ऋणपत्र सम्झनु पर्छ र सो शब्दले ट्रेजरी बिल समेतलाई जनाउँछ ।

(च) "बियरर बण्ड" भन्नाले ऋणपत्रको प्रमाणपत्र लिई आउनेलाई भुक्तानी दिनु पर्ने ऋणपत्र सम्झनु पर्छ ।

(छ) "प्राईज बण्ड" भन्नाले धनीले ब्याजको रकममध्ये सबै वा केही चिट्ठाद्वारा तोकिए बमोजिम पाउने ऋणपत्र सम्झनु पर्छ ।

(ज) "धनी" भन्नाले ऋणपत्र खरिद गरी ऋणपत्रमा हक प्राप्त गर्ने वा अन्य कुनै प्रकारले ऋणपत्रमा हक प्राप्त गर्ने स्वदेशी वा विदेशी व्यक्ति सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>ऋणपत्र निष्काशन गरी राष्ट्र ऋण उठाउने अधिकार</u> : (१) श्री ५ को सरकारले सरकारी वित्तको समुचित परिचालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही आवश्यक सम्झेको परिमाणमा एकै पटक वा पटक पटक गरी कुनै एक वा बढी प्रकारको ऋणपत्र निष्काशन गरी राष्ट्र ऋण उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निष्काशन गरिने ऋणपत्रको सावाँ तथा ब्याजको भुक्तानी अवधि र ब्याजको दर श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

(३) ऋणपत्रको सावाँ तथा ब्याज भुक्तानी अवधि र ब्याजदर सम्बन्धमा बैङ्कले समय समयमा श्री ५ को सरकारलाई आवश्यक राय तथा सुझाव दिनेछ ।

(४) ऋणपत्रको सम्बन्धमा जारी गरिने ब्याज भुक्तानी पूर्जा तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. ऋणपत्रको सावाँ र ब्याज भुक्तानी: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका ऋणपत्रको सावाँ ब्याज भुक्तानी देहाय बमोजिम हुनेछ :-

(क) स्टकको सावाँ ब्याज भुक्तानी बैङ्कको खातामा सो स्टक जसको नाममा दर्ता छ निज धनीलाई,

(ख) प्रमिशरी नोटको सावाँ ब्याज भुक्तानी सो प्रमिशरी नोटको धनी वा त्यस्तो धनीबाट त्यस्तो प्रमिशरी नोट दरपीठद्वारा नामसारी भएको अन्तिम व्यक्तिलाई,

(ग) बियरर बण्डको सावाँ ब्याज भुक्तानी सो बियरर बण्डको प्रमाणपत्र लिई आउने व्यक्तिलाई, र

(घ) प्राईज बण्डको सावाँ भुक्तानी सो प्राईज बण्डको प्रमाणपत्र लिई आउने व्यक्तिलाई ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम प्राईज बण्डको प्रमाणपत्र लिई आउने व्यक्तिलाई दिइने ब्याज भुक्तानी तोकिए बमोजिम हुनेछ ।

(३) कुनै पनि ऋणपत्रको सावाँ र ब्याजको भुक्तानी नेपाली रुपैयाँमा गरिनेछ ।

५. राष्ट्र ऋणको व्यवस्थापन : (१) राष्ट्र ऋणको व्यवस्थापन सम्बन्धी सम्पूर्ण काम श्री ५ को सरकारको तर्फबाट बैङ्कले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्र ऋण व्यवस्थापन सम्बन्धी काम गर्दा बैङ्कले आवश्यक खाताहरु राख्ने, राष्ट्र ऋणको स्थिति बारेको प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्ने र तत्सम्बन्धमा समय समयमा बैङ्कले आवश्यक सम्झेको राय तथा सुझाव श्री ५ को सरकारमा पेश गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्र ऋण व्यवस्थापन सम्बन्धी काम गर्दा बैङ्कले आवश्यक पर्ने प्राथमिक तथा दोस्रो बजारको व्यवस्था गर्नेछ। यसरी व्यवस्था गरिने प्राथमिक तथा दोस्रो बजारको सञ्चालन तोकिए बमोजिम हुनेछ।

६. राष्ट्र ऋण व्यवस्थापन सम्झौता : राष्ट्र ऋण व्यवस्थापनको काम सुचारु रुपले सञ्चालन गर्न श्री ५ को सरकार र बैङ्कबीच समय समयमा आवश्यक सम्झौता गरिनेछ र त्यस्तो व्यवस्थापन सम्बन्धी सम्पूर्ण काम सोही सम्झौताको अधीनमा रही गर्नु पर्नेछ।

७. ऋणपत्रको नामसारी : (१) स्टकको धनीले स्टकको नामसारीको लागि बैङ्क समक्ष लिखित निवेदन दिएमा बैङ्कले तोकिए बमोजिम स्टकको नामसारी गरिदिनु पर्नेछ।

(२) प्रमिशरी नोटको धनीले प्रमिशरी नोट जसका नाममा दरपीठ गरिदिएको हो बैङ्कले त्यस्तो व्यक्तिको नाममा सो प्रमिशरी नोट नामसारी भएको मानी सो व्यक्तिलाई सो प्रमिशरी नोटको धनी मान्नेछ।

(३) धनीको मृत्यु पश्चात ऋणपत्रमा हक पुग्ने धनीले कुनै व्यक्तिलाई इच्छाएको रहेछ भने त्यस्तो ऋणपत्रको सम्बन्धमा धनीको मृत्युपछि सो व्यक्तिलाई धनी मानिनेछ। त्यसरी कुनै व्यक्ति इच्छाइएको नभएमा वा इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा देहायका नाता पर्नेमध्ये क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्ति उक्त ऋणपत्रको सम्बन्धमा मृतक धनीको हकवाला हुनेछ :-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, धर्मपुत्र वा छोरी, धर्मपुत्री,

(ग) सगोलको बाबु, आमा, छोरा पट्टिको नाती नातिनी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) भिन्न बसेको पति, पत्नी, छोरा, अविवाहिता छोरी, बाबु, आमा,

(ङ) सगोलको बाबु पट्टिको बाजे, बज्यै, दाजुभाइ, अविवाहिता दिदी बहिनी,

(च) सगोलको भतिजा, भतिजी, सौतैनी आमा, भिन्न बसेको छोरा पट्टिको नाती, अविवाहिता नातिनी,

(छ) सगोलको काका, विधवा काकी, भाउज्यू, भाइ बुहारी, नातिनी बुहारी,

(ज) भिन्न बसेको दाजु भाइ,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा बुहारी, नातिनी बुहारी, भतिजा।

(४) कुनै ऋणपत्र दुई वा दुईभन्दा बढी व्यक्तिहरुले संयुक्त रुपमा खरिद गरी राखेको भएमा तिनीहरुमध्ये कसैको वा सबैको मृत्यु भएमा मृतकको हिस्सामा आउने सो ऋणपत्रको सावाँ ब्याजको अधिकार मृतक व्यक्तिले इच्छाएको कुनै व्यक्ति भए सो व्यक्ति र कुनै व्यक्ति इच्छाएको नभए उपदफा (३) बमोजिमको व्यक्ति मृतक धनीको हकवाला हुनेछ।

८. <u>इच्छापत्र सम्बन्धी व्यवस्था</u> : धनीले आफ्नो शेषपछि ऋणपत्रको सम्बन्धमा कसैलाई इच्छाउन चाहेमा बैङ्कले तोकिए बमोजिमको इच्छापत्र बनाई दिनेछ र सोही इच्छापत्र बमोजिम बैङ्कले ऋणपत्रको सावाँ ब्याजको भुक्तानी दिनेछ।

९. <u>सरकारी कार्यालय वा संगठित संस्थाले खरिद गरेको ऋणपत्र</u> : (१) कुनै सरकारी कार्यालयले श्री ५ को सरकारको अनुमति लिई ऋणपत्र खरिद गर्न सक्नेछ। यसरी खरिद गरेको ऋणपत्र सो कार्यालयको नाममा रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रचलित कानून बमोजिम स्थापना भएको संगठित सस्थाले ऋणपत्र खरिद गर्न सक्नेछ। यसरी खरिद गरेको ऋणपत्र सो सस्थाको नाममा रहनेछ।

(३) कानून बमोजिम दर्ता नभएका कुनै गुठीले कुनै ऋणपत्र खरिद गर्न चाहेमा सो गुठीका सदस्यहरुले बैङ्कको स्वीकृति लिई आफ्नो आपसका शर्त बैङ्कमा दर्ता गराई कुनै एक व्यक्तिको नामबाट स्टकको रुपमा ऋणपत्र खरिद गर्न सक्नेछ। त्यसरी आपसको शर्त दर्ता गराएको रहेछ भने यस ऐनको अरु दफामा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले सोही शर्त बमोजिम कारवाही गर्नेछ।

(४) उपदफा (१), (२) वा (३) बमोजिम कुनै सरकारी कार्यालय, संगठित संस्था वा गुठीको नाममा कुनै ऋणपत्र रहेकोमा सो कार्यालय वा संस्था वा गुठी अरु कुनै कार्यालय वा संस्था वा गुठीसंग गाभिएमा वा खारेज वा विघटन भएमा सो हुनु पूर्व त्यस्तो ऋणपत्रको सावाँ वा ब्याज लिने अवधि अगावै ऋणपत्रको हकवालाले आफ्नो हकको प्रमाण सहित नामसारीको लागि बैङ्कमा निवेदन दिएमा बैङ्कले सम्वन्धित हकवालाको नाउँमा नामसारी गरी दिनेछ।

१०. ऋणपत्रको धनीको सम्बन्धमा शङ्का उत्पन्न भएमा वा भुक्तानी नलिएमा : (१) ऋणपत्रको धनी बारे शङ्का वा विवाद उत्पन्न भएमा वा सावाँ भुक्तानी मिति गुज्रेको एक शय असी दिन वितेर पनि ऋणपत्रको सावाँ ब्याजको भुक्तानी नलिएमा बैङ्कले आफ्नो कुनै अधिकृतद्वारा आवश्यक जाँचबुझ गर्न तथा आवश्यक व्यक्तिको बयान लिन समेत लगाई धनी मनोनीत गर्नेछ।

(२) उपदफा (१) बमोजिम बैङ्कले धनी मनोनीत गर्नको निमित्त जाँचबुझ गर्नु पर्दा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ तथा दर्तावाला व्यक्तिको ठेगानामा लिखित सूचना पठाउनेछ। यसरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित भएको वा सूचना पठाएको जुन पछिल्लो मिति हुन्छ सो मितिले एक शय असी दिन्न वितेपछि सबै हकवालाले सूचना पाएको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफा अन्तर्गत बैङ्कले मनोनीत गरेको धनीको नाम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

११. ऋणपत्रको धनी नाबालक वा बहुलाएको भएमा : (१) कुनै ऋणपत्रको धनी नाबालक वा बहुलाएको रहेछ भने नाबालक ऋणपत्र धनीको हकमा निजको आमा वा बाबु र बहुलाएको ऋणपत्र धनीको हकमा निजको पति वा पत्नी वा आमा वा बाबु संरक्षक धनी रहन सक्नेछ । आमा वा बाबु वा पति वा पत्नी संरक्षक धनी नभई अन्य व्यक्ति संरक्षक हुन चाहेमा तोकिए बमोजिमको अवस्था पूरा भएको हुनु पर्नेछ ।

(२) धनीले ऋणपत्र बापत पाउनु पर्ने रकममध्ये बैङ्कले मनासिब ठहऱ्याएको रकम एकै पटक वा पटक पटक गरी उपदफा (१) बमोजिमको संरक्षक धनीलाई दिन सक्नेछ ।

१२. श्री ५ को सरकार वा बैङ्कको दायित्व नरहने : (१) यस ऐन बमोजिम बैङ्कले धनीको मनोनयन गरिसकेपछि सो मनोनयन बारे कुनै अदालतमा श्री ५को सरकार वा बैङ्कको विरुद्ध मुद्दा दायर गर्न पाइने छैन ।

(२) यस ऐन बमोजिम बैङ्कले ऋणपत्रको भुक्तानी दिएकोमा कुनै अदालतमा श्री ५ को सरकार वा बैङ्कको विरुद्ध मुद्दा दायर गर्न पाइने छैन ।

१३. उजुर लाग्ने : यस ऐनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणपत्रमा हक भएको कुनै व्यक्तिले सो ऋणपत्रको भुक्तानी लिएको वा लिने भएको वा धनी मनोनयन भएको कुनै व्यक्ति उपर आफ्नो हक कायम गराउनका लागि प्रचलित कानून बमोजिम अदालतमा नालिस उजुर गर्न सक्नेछ ।

१४. दण्ड सजाय : (१) कुनै व्यक्तिले कुनै ऋणपत्रमा आफ्नो वा अरु कसैको नभएको हक कायम गराउने नियतले यस ऐन बमोजिम बैङ्कका अधिकृत समक्ष जानी जानी झुट्टा विवरण पेश गरेमा निजलाई बढीमा सो ऋणपत्रमा तोकिएको सावाँ व्याज बमोजिमसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम सजाय हुने कसूरको सम्बन्धमा बैङ्कले आवश्यक छानबिन गर्न एकजना अधिकृत तोक्नेछ र निजले आवश्यक छानबिन गरी बैङ्को तर्फबाट जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

१५. ऋणपत्र सम्बन्धी लिखतहरुको गोप्यता : बैङ्कमा रहेको ऋणपत्र सम्बन्धी व्यक्तिगत खाता तथा कागजातहरु गोप्य रहनेछन् । श्री ५ को सरकार वा अदालतको आदेश वा फौजदारी अपराधको सिलसिलामा प्रचलित कानून बमोजिम जाँचबुझ वा अनुसन्धान गर्न अख्तियार प्राप्त अधिकारीको लिखित अनुरोध बिना यस्ता कागजात कसैलाई देखाउन वा पेश गर्न बैङ्क बाध्य हुने छैन ।

१६. ऋणपत्र र ब्याज भुक्तानी पूर्जाको प्रतिलिपि दिने : ऋणपत्र धनीले सो ऋणपत्र वा सो को ब्याज भुक्तानी पूर्जा वा दुवै हराएको, चोरिएको वा नष्ट भएको वा अक्षर मेटिई अस्पष्ट भएको वा च्यातिएको भनी प्रमाण सहित बैङ्कमा लिखित निवेदन गर्न आएमा र उक्त प्रमाणबाट बैङ्कलाई चित्त बुझेमा बैङ्कले तोकेको दस्तुर लिई, तोकेका शर्तहरु पूरा गर्न लगाई उक्त निवेदकलाई सो ऋणपत्र वा ब्याज भुक्तानी पूर्जा वा दुवैको प्रतिलिपि दिन सक्नेछ ।

१७. ऋणपत्र परिवर्तन, खण्डीकरण, एकीकरण र नवीकरण गर्ने : स्टक वा प्रमिशरी नोटको धनीले आफ्नो साविकको सो ऋणपत्रलाई एक आपसमा परिणत गर्न वा खण्डीकरण गर्न वा एकीकरण गर्न वा नवीकरण गर्नको निमित्त बैङ्कमा निवेदन गरेमा बैङ्कले तोकेको दस्तुर लिई तोकिए बमोजिम त्यस ऋणपत्रको बदलामा निवेदकलाई नयाँ ऋणपत्र दिन सक्नेछ ।

१८. असल नियतले गरेको काममा जवाफदेही हुन नपर्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा श्री ५ को सरकारका पदाधिकारीहरु, बैङ्कका गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कुनै अधिकृत वा कर्मचारी व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैनन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **ऋणपत्रका सम्बन्धमा यसै ऐन बमोजिम हुने** : (१) ऋणपत्रका सम्बन्धमा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जतिका कुरामा यसै ऐन बमोजिम हुनेछ ।

(२) धितोपत्रसंग सम्बन्धित प्रचलित कानूनमा उल्लिखित व्यवस्थाहरु ऋणपत्रका सम्बन्धमा लागू हुने छैनन् ।

२०. **नियम बनाउने** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले बैङ्कको राय लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खास गरेर देहायका सबै वा कुनै विषयमा नियम बनाउन सकिनेछ :-

(क) ऋणपत्र निष्काशन गर्ने तरिका बारे,

(ख) ऋणपत्रको भुक्तानी अवधि, शर्त र सुविधा बारे,

(ग) श्री ५ को सरकारले निष्काशन गर्ने विभिन्न ढाँचा र तरिकाका ऋणपत्रहरुको नामसारी गर्ने तरिका बारे,

(घ) ऋणपत्रको ब्याजको भुक्तानी दिने तरिका र ढाँचा बारे,

(ङ) ऋणपत्रको प्रतिलिपि दिने शर्त तथा दस्तुर बारे,

(च) दफा १७ बमोजिम गर्ने कामको तरिका, शर्त तथा दस्तुर बारे,

(छ) ऋणपत्र सम्बन्धी कागजातहरु सनाखत गराउने बारे,

(ज) लेख्न, पढ्न नजान्ने ऋणपत्रका धनीको निमित्त ऋणपत्र खाता सञ्चालन गर्ने बारे,

(झ) ऋणपत्र सम्बन्धी खाता, कागजात हेर्न दिने अवस्था, तरिका र शर्त बारे,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) ऋणपत्रको धनी मनोनीत गर्ने तरिका बारे,

(ट) संरक्षक धनी मनोनीत गर्ने बारे,

(ठ) ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन बारे, र

(ड) यस ऐन बमोजिम गर्नु पर्ने काम सुचारु रुपले चलाउनको निमित्त गर्नु पर्ने अन्य कुनै काम बारे ।

२१. खारेजी र बचाउ : (१) राष्ट्र ऋण ऐन, २०१७ खारेज गरिएको छ ।

(२) राष्ट्र ऋण ऐन, २०१७ बमोजिम गरिएको सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः- २०५९।३।२४।२

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।